सञ्चालक समितिको फोटो

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## दोस्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु :

यस डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०६८/०५/१९ गते सोमबार बसेको सञ्चालक समितिको १९ औं बैठकको निर्णयानुसार यस संस्थाको दोस्रो बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा संस्थाको ऐन, २०४८ को दफा १२ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**साधारण सभा बस्ने स्थान, मिति र समय :**

| | |
|---|---|
| **सभा स्थान** | : कुपण्डोल ब्याङ्क्वेट्स, कानदेवतास्थान, कुपण्डोल, ललितपुर (सर्वाङ्ग स्वास्थ्य सदन पछी) |
| **सभा मिति** | : २०६८/०६/०७ गते (तदनुसार २४ सेप्टेम्वर २०११) शनिबार |
| **सभा शुरु हुने समय** | : साँझ ५:०० बजे |
| **नोट** | : रात्रि भोजनको व्यवस्था गरिएको छ। (Dinner) |

**छलफलको विषय :**

***(क) सामान्य प्रस्ताव :***

१. सञ्चालक समितिको आ. व. २०६७/०६८ को प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ. व. २०६७/०६८ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरेको नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।
४. सहकारी ऐन, २०४८ अनुसार २०६८/०६९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने अधिकार सञ्चालक समितिलाई दिने सम्बन्धमा ।
५. साधारण सभाको निर्णय पुस्तिका (माईन्युट बुक) प्रमाणित गर्नको लागि सञ्चालक समिति र शेयर सदस्यहरुबाट क्रमशः १/१ जना प्रतिनिधिहरु चयन गर्ने ।

***(ख) विशेष प्रस्ताव :***

१. संस्थाको विनियम संशोधन सम्बन्धमा ।
२. संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा ।
३. लेखा समितिका सदस्य श्री श्याम प्रसाद शर्माको राजिनामा स्वीकृत गरी अर्का शेयर सदस्य श्री प्रकाश वस्याल (चार्टड एकाउन्टेण्ट) लाई चयन गर्ने सम्बन्धमा ।

***(ग) विविध :***

सञ्चालक समितिको आज्ञाले
सञ्चालक सचिब
सुशिल अर्याल

## परिचय (INTRODUCTION)

नयाँ नेपालको अवधारण अनुसार आर्थिक क्षेत्रमा आएको सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्दै सहकारीको क्षेत्रमा एक भिन्न पहिचान बनाउने लक्ष्य अनुरुप हाम्रो, हजुरहरुको र हामी सबैको "डल्फिन बचत तथा ऋण सहकारी संस्था लि." को स्थापना भएको हो । "We are to Serve You" हामी हजुरहरुको सेवाका निम्ति भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै सहकार्यबाट नै कुनै पनि ब्यक्ति तथा समाजको आर्थिक र सामाजिक बृद्धि विकासमा टेवा पुऱ्याउन सकिन्छ भन्ने लक्ष्य हामीले राखेका छौं । जब कुनै ब्यक्ति तथा समाजको आर्थिक स्तर उच्च हुन्छ तब मात्र एउटा सभ्य सु-संस्कृत अनि सबल समाज निर्माण हुनसक्छ । नेपाल सरकारको सहकारी ऐन २०४८ को अधिनमा रही, छरिएर रहेको निष्क्रिय पूँजीलाई विभिन्न बचत योजनाको माध्यमद्धारा निक्षेप स्वीकार गरी शैक्षिक, उत्पादनमूलक, आयमूलक, औद्योगिक तथा व्यवसायिक लगायतका विभिन्न क्षेत्रमा लगानी गर्ने यस संस्थाको प्रमुख लक्ष्य हो । **यस संस्था स्थानीय कुपण्डोल बासि प्राज्ञिक एवं विशिष्ट ब्यक्तिहरुको जमघट एवं व्यवस्थापन भएको आधुनिक सहकारी संस्था हो ।**

## दृष्टिकोण (VISION)

संस्थामा संलग्न सदस्यहरुको आर्थिक एवं सामाजिक विकासमा सहयोग पुऱ्याउने, समाज तथा देशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने मूल उद्देश्य हुनेछ ।

## लक्ष्य (GOAL)

एउटा दरिलो संयन्त्रको निर्माण गरी यस संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरुलाई आयमूलक, रोजगारमूलक एवं सृजनशील कार्य गर्न उत्प्रेरित गर्ने र न्यून ब्याजदरमा सरल रुपमा ऋण उपलब्ध गराई आर्थिक रुपमा सबल बनाउने ।

## उद्देश्य (OBJECTIVES)

- आर्थिक निक्षेप योजना बनाई बचत गर्ने बानी बसाल्न सहयोग गर्ने ।
- सहुलियत दरमा सदस्यहरुको आर्थिक तथा सामाजिक विकासका निमित्त उद्योग ब्यापार एवं ब्यक्तिगत प्रयोजनका लागि विभिन्न शीर्षकमा कर्जा उपलब्ध गराउने ।
- सदस्यहरुको सामूहिक रुपमा आर्थिक विकासमा ध्यान दिने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तिय संस्थाहरुसँग सहकार्य गर्ने ।

## साधारण सभा सम्बन्धी अन्य जानकारी

**१.** सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संस्थाको बार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, प्रस्ताव लगायत अन्य कागजातहरु शेयरधनी लागतमा कायम रहेको ठेगानामा पठाईएको छ । कारणवश कुनै शेयरधनी महानुभावलाई माथि उल्लेखित कागजात समयमा नै प्राप्त नभएमा संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ वा संस्थाको वेव साईट www.dolphinsaving.com.np मा हेर्न वा डाउनलोड गर्न पनि सक्नु हुने छ ।

**२.** साधारण सभामा भाग लिन पाल्नुहुने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका साँझ ५:०० बजेदेखि खुल्ला रहनेछ । उक्त पुस्तिकामा आफ्नो पूर्ण परिचय उल्लेख गरिदिनुहुन अनुरोध गरिन्छ ।

**३.** छलफलको बिषय अन्तर्गत **विविध** शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै बिषय उपर छलफल गर्न चाहनु भएमा सो विषयबारे सभा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै संस्थाका सचिव मार्फत यस संस्थाका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

४. शेयरधनी महानुभावहरुले ब्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा सञ्चालक समितिको अध्यक्षले तोकेको ब्यक्तिले उत्तर दिन सक्नुहुने छ ।

**५.** साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको कार्यालय ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान स्थित सञ्चालक सचिव एवं कार्यकारी प्रमुखको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

## विषय सूची                                       पृष्ठ नं.


१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको बार्षिक प्रतिवेदन ।

२. सहकारी ऐन, २०४८ अनुसारको केहि विवरण ।

३. आ. व. २०६८/०६९ को लागि लक्ष्य एवं बजेट ।

४. आ. व. २०६७/०६८ को लेखा समितिको प्रतिवेदन ।

५. आ व २०६७/०६८ को लेखापरीक्षकको प्रतिवेदन ।

६. आ. व. २०६७/०६८ को वासालात (असार मसान्त सम्म) ।

७. २०६७/०४/०१ देखि २०६८ आषाढ ३२ सम्मको आय विवरण (नाफा नोक्सान हिसाब) ।

८. २०६८ आषाढ ३२ सम्मको आर्थिक विवरण सँग सम्बन्धित अनुसूचीहरु ।

९. २०६८ आषाढ मसान्तमा समाप्त आर्थिक बर्षको नगद प्रवाह विवरण ।

१०. लेखानीति तथा तत्सम्बन्धी टिप्पणीहरु ।

## सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको बार्षिक प्रतिवेदन आ. ब. २०६७/०६८

आदरणीय शेयरधनी महानुभावहरु, एवं उपस्थित प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण अतिथि ज्यूहरु,

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको **दोस्रो बार्षिक साधारण सभामा** भाग लिन उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा मेरो तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु । यहाँहरुको उपस्थितिबाट संस्थाले पाउने सुझाव, सहयोग र सद्भावले भावी कार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

आज यहाँहरु समक्ष २०६८ आषाढ मसान्तसम्मको संस्थाको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु छलफल तथा स्वीकृतिको निमित्त पेश गर्दै, सस्थाले आ. ब. २०६७/०६८ मा गरेका उपलब्धि तथा कार्यनीति र आगामी बर्षमा गरिने कार्य योजनाहरु प्रस्तुत गर्न यहाँहरुबाट अनुमति चाहन्छु ।

## यस बर्षको कारोबारको सिंहावलोकनः

आर्थिक बर्ष २०६७/०६८ मा यस संस्थाको वित्तिय स्थितिको विवरण देहाय बमोजिम रहेको छ ।

मुख्य वित्तिय सूचकाङ्कहरुः

| क. स. | विवरण | आ. ब. २०६७/०६८ |
|---|---|---|
| १ | पूँजी | १,६८,७४,०००.०० |
| २ | निक्षेप | ४,९३,२७,२५३.२५ |
| ३ | कर्जा लगानी (खुद) | ३,४४,६३,५७३.९५ |
| ४ | कूल आम्दानी | ७१,४९,००१.९६ |
| ५ | कूल खर्च | ५४,७२,५२३.२५ |
| ६ | खुद मुनाफा (कर पछि) | १३,४१,१८२.९६ |

माथि उल्लेखित सूचकाङ्कहरु विश्लेषण गर्दा स्थापनाको दोस्रो बर्षमा नै संस्थाले गरेको उल्लेखनिय प्रगति बारे यहाँहरुलाई अवगत गरउन पाउँदा मलाई खुशी लागेको छ । गत बर्ष देखि नै बैंकिङ्ग क्षेत्रमा तरलता अभावको अवस्था श्रृजना भएतापनि संस्थाले गरेको अथक प्रयासको फलस्वरुप निक्षेप संकलनमा आएको समस्या तथा कर्जा क्षेत्रको संकुचनका बाबजुत कर्जा लगानी तर्फ पनि उल्लेख्य मात्रामा बृद्धि भएको छ । खुद मुनाफामा पनि उल्लेख्य मात्रामा सफल भएको र हाल सम्म कुनै निष्क्रिय कर्जा रहेको देखिँदैन । साथै छोटो समयमा नै ललितपुर जिल्लामा आफ्नो सफल पहिचान बनाउन सफल भएको छ । आदरणीय शेयरधनी महानुभावहरु यहाँहरुको सहकारी संस्थाले आफ्नो व्यवसायिक कार्य कुशलता, लगनशीलता, विश्वसनियता कायम गर्न सफल भएकै कारण स्थानिय प्रतिष्ठित व्यक्तिहरुबाट अझ बढी हौसला मिलेको छ ।

सहकारी क्षेत्रमा विद्यमान प्रचलन अनुसार लेखापरीक्षण गरी सञ्चालक समितिबाट नगद लाभांश प्रस्ताव गरी साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रस्ताव गरेको छ ।

## संस्थाको औद्योगिक तथा व्यवसायिक सम्बन्ध

संस्थाले आफ्ना सदस्यहरु, नियमनकर्ता, आफूसँग सम्बन्धित सबै पक्षहरु र सबै तहका कर्मचारीहरु बीच सौहार्दपूर्ण सामञ्जस्यता तथा व्यवसायिक सम्बन्ध कायम राख्दै आईरहेको छ । अनुभवी तथा व्यवसायिक दक्ष तथा विज्ञहरुको सल्लाह एंव सुझावका आधारमा संस्थाले स्वच्छ प्रतिस्पर्धा, व्यवसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्बन गर्दै छिटो छरितो तरिकाले सदस्यमुखी सेवाहरु सदस्यहरुमाझ उपलब्ध गराउँदै आईरहेको छ । साथै यस सम्बन्धलाई अझ सुमधुर बनाउन सस्था निरन्तर प्रयासरत छ ।

## संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरु :

१. लामो समयसम्म रहिरहेको तरलता संकुचन,
२. कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरु,
३. निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिमहरु,
४. पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरु,
५. अस्थिर राजनैतिक अवस्था,
६. सहकारी संस्थाको केही सिमित कार्यक्षेत्र,
७. उत्पादनशील क्षेत्रको विकासमा भएको शिथिलता,

## प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

सहकारीको उद्देश्य अनुरुप यसले आधुनिक सुविधा सम्पन्न वित्तिय कारोबार गदै आफ्नो कारोबार क्षेत्र तथा सदस्य संख्यामा बृद्धि गर्नुका साथसाथै संस्थाको कार्यक्षेत्र विस्तार गर्नका लागि शेयर पूँजी बृद्धि गरी संस्थाको आर्थिक अवस्थालाई अझ मजबुत पारिएको छ ।
संस्थाले सदस्यहरुलाई आकर्षित गर्न विभिन्न प्रकारका निक्षेप योजनाहरु ल्याएको छ । संस्थाले आफ्ना आदरणीय शेयरधनी महानुभावहरुको लागि डल्फिन स्पेशल सेभिङ्ग एकाउण्ट सञ्चालन गरेको छ र सोही एकाउण्टमा शेयरधनी लाभांश ट्रान्सफर गरिने छ । संस्थाले सदस्यहरुको लागि आईतबार देखि शुक्रबार सम्म विहान १०:०० वजे देखि बेलुका ५:०० बजे सम्म सेवा उपलव्ध गराउदै आईरहेको छ ।

## आ. व. २०६७/०६८ वित्तीय सार संक्षेप निम्न बमोजिम रहेको छ

| क. स. | विवरण | आ. व. २०६७/०६८ |
|---|---|---|
| १ | पूँजी | १,६८,७४,०००/- |
| २ | निक्षेप | ४९,३२७,२५३/२५ |
| ३ | कर्जा लगानी (खुद) | ३४,४६३,५७३/९५ |
| ४ | कूल आम्दानी | ७१,४९,००१/९६ |
| ५ | कूल खर्च | ५४,७२,५२३/२५ |
| ६ | खुद मुनाफा (कर पछि) | १३,४१,१८२/९६ |

**संस्थाको भावी योजनाहरु :**

१. संस्थाको कार्यक्षेत्र र स्तर उन्नति बृद्धि गर्दै लैजाने ।
२. सदस्यहरुको हितमा सेवा बिस्तार गर्ने ।
२. मौलिक किसिमका बचत तथा नयाँ निक्षेप योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
३. विभिन्न लगानीका श्रोतहरु पहिचान गरी लगानी प्रबर्द्धन गर्ने ।
४. समान किसिमका संस्थासँग सहकार्य बढाँउदै लैजाने ।
४. निम्न र मध्यम वर्गमा सहकारीको पहुँच पुऱ्याउने ।

**संस्थागत सामाजिक दायित्व :**

संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अनुसार सामाजिक उत्थानका लागि यस संस्थाले समाजमा सकारात्मक प्रभाव पारी निम्न वर्गलाई सुलभ दरमा ऋण प्रदान गरेको छ ।

**धन्यवाद ज्ञापन**

संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग सद्भाव तथा मार्गदर्शन दिनु भई यस संस्थालाई वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग गर्नु हुने सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, नेपाल सरकार डिभिजन सहकारी कार्यालय ललितपुर, स्थानिय वासि एवं सम्पूर्ण कुपण्डोललाई कार्यक्षेत्र बनाई व्यवसाय सञ्चालन गर्नु भएका व्यवसायिहरु, संस्थालाई विश्वास एवं माया गरी बचत गर्नु भएका सम्पूर्ण बचत कर्ताहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, व्यवसायिक सल्लाहकार तथा अन्य सम्बद्ध संघ संस्था एवं सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु । साथै हाम्रा आदरणीय शेयरधनी महानुभावहरुले संस्थाप्रति देखाउनु भएको अगाढ विश्वासको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा यहाँहरुको सदाशयता र सहयोग कायमै रहने अपेक्षा गर्दछु । संस्थाको व्यवस्थापन एवं सबै तहका कर्मचारीहरुबाट संस्थाले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनु भएको प्रतिबद्धता र अथक परिश्रमको सराहना गर्दै शेयरधनी महानुभावहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगलाई संस्थाले सदैव मार्गनिर्देशनका रुपमा लिनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दै हार्दिक कृतज्ञता र आभार व्यक्त गर्दछु । अन्त्यमा सभाको छलफलको विषय सूची अनुसारका विषयहरुमा छलफल गरी पारित गर्नका लागि अनुरोध गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

धन्यवाद् !

संचालक समितिका तर्फबाट

मत्स्येन्द्र लाल कायस्थ

अध्यक्ष

मिति : २०६८ असोज ०७ गते शनिवार

## सहकारी ऐन, २०४८ अनुसारको थप विवरण

### १. लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम

आ. ब. २०६७/०६८ मा रु.९,१८,७१०.३२ (*अक्षेरेपी नौ लाख, अठार हजार, सात सय दश रुपैंया बत्तिस पैसा मात्र)* खुद नाफा भएकोमा ५.५०% प्रतिशत नगद लाभांश वितरण गर्नको लागि प्रस्ताव गरिएको छ ।

### २. संस्थाको सहायक कम्पनी सम्बन्धी विवरण

संस्थाको हाल सम्म कुनै सहायक कम्पनी नभएको ।

### ३. विगत आ. व. मा संस्थाको शेयरधनीहरुले संस्थालई उपलब्ध गराएको जानकारी

हालसम्म यस्तो कुनै जानकारी संस्थालाई प्राप्त हुन नआएको ।

### ४. आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण

संस्थाको प्रभावकारी एवं सक्षम आन्तरिक नियन्त्रण प्रणाली रहेको छ । संस्थाको लेखा समितिले संस्थाको आन्तरिक लेखापरीक्षण नियमित रुपमा गर्दै आएको छ ।

***क. कर्जा समितिः***

संस्थाबाट प्रवाह हुने कर्जाको जोखिम व्यवस्थापन तथा कर्जा प्रवाहमा छिटो छरितोको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी ३ जना सञ्चालकको एउटा छुट्टै कर्जा समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कर्जा विभागका प्रमुखलाई समेत बैठकमा उपस्थित गराई कर्जाबारे विस्तृत जानकारी दिई कर्जा स्वीकृति गरी सोको जानकारी सञ्चालक समितिमा गराउने गरेको छ ।

***ख. मानव संशाधन समितिः***

संस्थामा आवश्यक कर्मचारीको लागि सञ्चालक छनोट गरी समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी ३ जना सञ्चालकको एउटा छुट्टै मानब संशोधन समिति गठन गरेको छ। यस समितिले आवश्यक ठानेमा कार्यकारी प्रमुखलाई समेत बैठकमा उपस्थित गराई कर्मचारी भर्ना बारे विस्तृत जानकारी लिई वा आवश्यक कर्मचारी छनोट गरी सो को जानकारी सञ्चालक समितिमा गराउने गरेको छ।

### ५. अन्य आवश्यक कुराहरु

संस्थाले कार्यालयबाट सदस्यहरुलई विभिन्न किसिमका सुविधाहरु उपलब्ध गराउँदै आएको छ ।

**क**. रेमिटेन्स सुविधा

**ख**. ०% व्याजदरमा घरायसी सामानहरुको किस्ताबन्दी सुविधा

## ६. समस्या तथा चुनौती

देशमा भईरहेको राजनैतिक अस्थिरताले गर्दा सम्पूर्ण लगानी कर्ताहरु पर्ख, हेर र गरको नीति अवलम्बन गरेको अवस्था छ। संस्थाले निक्षेप संकलन गरेर विभिन्न क्षेत्रमा लगानी गर्ने नीति लिएको भए तापनि देशको राजनैतिक अस्थिरताले गर्दा सोचे जस्तो सफलता हासिल गर्न सकिरहेका छैनौं। विभिन्न उद्देश्य लिएर खोलेका हाम्रो जस्ता संस्था आर्थिक मन्दीले गर्दा बन्द भईरहेको अवस्था छ। सोहि परिस्थितिले हाम्रो जस्तो संस्थामा पनि अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। सोहि अवस्थालाई मध्यनजर गर्दै संस्थाले पनि पर्ख, हेर र गरको नीति अवलम्बन गरेको छ।

## ७. संस्थागत सुशासन

***संस्थागत सुशासन अभिवृद्धिका लागि चालिएका कदमहरुको विवरण :***

**क.** सञ्चालक समिति, कर्जा तथा जोखिम व्यवस्थापन समिति, पदपूर्ति तथा बढुवा समिति, लेखापरीक्षण समिति लगायतका विभिन्न समितिहरु क्रियाशील छन्।

**ख.** आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखा समितिको बैठक नियमित रुपमा बसी सञ्चालक समिति समक्ष सुझावहरु पेश गरेको छ।

**ग.** सञ्चालन जोखिमहरु कम गर्न तथा कारोवारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु लागू गरिएको छ।

## ८. जनशक्ति

२०६८ आषाढ मसान्तसम्म संस्थामा जम्मा ७ जना कर्मचारीहरु कार्यरत छन्। यस मध्ये ३ जना महिला कर्मचारीहरु छन्। संस्थाको प्रगति र सफलता संस्थामा कार्यरत जनशक्तिको सीप, ज्ञान, कार्य कुशलता, इमान्दारीता, कर्तव्यनिष्ठता, नैतिकता आदिमा भर पर्दछ भन्ने कुरालाई यस संस्थाले समेत मध्यनजर गर्दै आईरहेकोले कर्मचारीहरुलाई संस्थाको सम्पतिको रुपमा लिन कर्मचारीको मनोवल एवं कार्य दक्षतामा अभिवृद्धि गरी संस्थाको प्रतिफल दर उच्च बनाउन संस्थामा कार्यरत कर्मचारीहरुलाई निरन्तर रुपमा सहकारी/वित्तिय कारोबार सम्बन्धी तालिम आन्तरिक तथा बाह्य बिशेषज्ञबाट दिँदै आईरहेको छ। आगामी दिनहरुमा तालिम कार्यक्रमलाई अझ बढी भन्दा बढी प्रभावकारी रुपमा लागू गर्दै थप कर्मचारीहरुलाई समेत सहभागिता गराई सहकारी क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्दै लैजाने संस्थाको नीति रहेको छ।

## ९. प्रविधि

संस्थाको कार्यप्रणाली माईको ब्याङ्कर (Micro Banker) बैंकिङ्ग सफ्टवेयरबाट सञ्चालित छ। यो प्रविधिमा समय सापेक्ष सुधार गर्न आवश्यकता र कारोबारको प्रकृति अनुसार परिमार्जित गर्दै लगिएको छ। संस्थाको सूचना प्रविधिको विश्वसनियता र सुरक्षाको लागि बाह्य विशेषज्ञ मार्फत् अध्ययन गराईएको र निजको सुझावहरु सम्भव भएसम्म कार्यान्वयन गराईएको छ।

# आ.व. २०६८/०६९ को लागि लक्ष्य एवं बजेट

| | | आ.व. २०६८/०६९ को लागि लिइएको लक्ष्य एवं बजेट | | |
|---|---|---|---|---|
| **क. स.** | **विवरण** | **आ. व. २०६७/०६८** | **आ. व. २०६८/०६९ थप** | **आ. व. २०६८/०६९ जम्मा** |
| **१** | पूँजी तथा | १,६८,७४,०००.०० | ८१,२६,०००.०० | २,५०,००,०००.०० |
| **२** | निक्षेप | ४,९३,२७,२५३.२५ | ८,५०,००,०००.०० | १३,४३,२७,२५३.२५ |
| **३** | कर्जा लगानी (खुद) | ३,४४,६३,५७३.९५ | ९,५०,००,०००.०० | १२,९४,६३,५७३.९५ |
| **४** | कूल आम्दानी | ७१,४९,००१.९६ | २,९६,०५,८१९.८८ | २,९६,०५,८१९.८८ |
| **५** | कूल खर्च | ५४,७२,५२३.२५ | २,०८,३५,४७९.१९ | २,०८,३५,४७९.१९ |
| **६** | कूल मुनाफा(आ.क.अ.) | १६,७६,४७८.७१ | ८७,७०,३४०.६९ | ८७,७०,३४०.६९ |
| **७** | खुद मुनाफा (र्कमचारी बोनस र विभिन्न कोष अघि) | १३,४१,१८२.९६ | ७०,१६,२७२.५५ | ७०,१६,२७२.५५ |

**१. शेयर पूँजी :**

आ.ब. २०६८/०६९ मा थप र साविक सदस्यहरु समेतबाट गरी करिब रु. ८१,२६,०००/- (एकासी लाख छब्बिस हजार मात्र) थप संकलन गरी २,५०,००,०००.०० (दुई कारोड पचास लाख मात्र) शेयर पूँजी पुऱ्याउने लक्ष्य लिएको छ ।

**२. निक्षेप संकलन :**

विभिन्न प्रकारका बचत संकलन एवं भुक्तानी गरी आ.ब. २०६८/०६९ को अन्त्य सम्ममा संस्थाको कुल बचत रु. १३,४३,२७,२५३.२५/- (तेह्र करोड त्रिचालिस लाख सत्ताईस हजार दुई सय त्रिपन्न र पैसा पच्चिस मात्र) पुऱ्याउने लक्ष्य राखिएको छ ।

**३. कर्जा लगानी :**

शेयर, बचत, साँवा/ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. २०६८/०६९ मा विभिन्न उद्देश्यहरुमा रु. १२,९४,६३,५७३.९५ (बाह्र करोड चौरानब्बे लाख त्रिसठ्ठी हजार पाँच सय त्रिहत्तर र पैसा पञ्चानब्बे मात्र) कर्जा लगानी गर्ने उद्देश्य राखिएको छ ।

**४. कर्जा असुली :**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ.ब.२०६८/०६९ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार असुल गरिने छ ।

**५. अन्य लगानी :**

यस संस्थाले मुद्धती खातामा बैंक/बित्तिय संस्थाहरुको शेयरमा एवं व्यावसायिक प्रायोजनको लागि घर/जग्गा, ट्रेड, कल कारखाना तथा उधोग धन्दा (कपि उधोग, प्लाष्टिक फाईल उद्योग, फर्निचर उद्योग),आवास निर्माण, कृषि, आयात तथा निर्यात एवं मनि ट्रान्सफरमा समेत संस्थाको आर्थिक तरलतालाई ध्यानमा राखी उचित रकम लगानी गर्ने संस्थाको योजना रहेको छ ।

६. **कर्मचारी दरबन्दी :**

आ.ब. २०६८/०६९ मा विभिन्न तह/ओहदामा रही कार्य गर्ने कुल १ देखि २ जना सेवा प्रवाही कर्मचारीहरुको दरबन्दी रहने छ।

७. **अनुमानित आम्दानी :**

आ.ब. २०६८/०६९ मा कर्जा सापटबाट ब्याज रु. २,९६,०५,८१९.८८ (दुई करोड छयानब्बे लाख पाँच हजार आठ सय उन्नाईस र पैसा अठासी मात्र) हुने अनुमान गरिएको छ।

८. **अनुमानित खर्च :**

आ.ब.२०६८/०६९को लागि कर्मचारीहरुको तलब, भत्ता तथा पारिश्रमिक र प्रशासनिक खर्च रु. २७,०१,३००.०० ( सत्ताईस लाख एक हजार तिन सय मात्र) र बचत तथा मुद्धतीमा ब्याज खर्च रु. १,८१,३४,१९७.१९ (एक करोड एकासी लाख चौंतिस हजार एक सय सन्तानब्बे र पैसा उन्नाईस मात्र) गरी आ.ब. २०६८/०६९ को अन्त सम्ममा रु. २,०८,३५,४७१.१९(दुई करोड आठ लाख पैंतिस हजार चार सय एकहत्तर र पैसा उन्नाईस मात्र) कुल खर्च हुने अनुमान गरिएको छ।

९. **नाफा/नोक्सानको स्थिति :**

उपरोक्त बमोजिम कुल खर्च रु. २,०८,३५,४७९.१९(दुई करोड आठ लाख पैंतिस हजार चार सय उनान्असी र पैसा उन्नाईस मात्र) र कुल आम्दानीको समायोजनलाई हेर्दा आ.ब.२०६८/०६९ मा कुल आम्दानी रु. २,९६,०५,८१९.८८ (दुई करोड छयानब्बे लाख पाँच हजार आठ सय उन्नाईस र पैसा अठासी मात्र) कुल खर्च र कुल आम्दानीको अन्तर कुल नाफा रु. ७०,१६,२७२.५५ (सत्तरी लाख सोह्र हजार दुई सय बहत्तर र पैसा पच्पन्न मात्र) खुद मुनाफा (कर्मचारी बोनस, कर र विभिन्न कोष अघि) देखिने प्रक्षेपण गरिएको छ।

१०. **सम्पत्ति बजेट**

आ.ब. २०६८/०६९ का लागि अनुमानित सम्पत्ति बजेट अनुरुप संस्थामा आवश्यक यातायतको साधन, एक थान ल्यापटप तथा अन्य कार्यालय सञ्चालनका लागि आवश्यक मसलन्द खरीद गर्न बजेट बिनियोजन गरिएको छ।

**डल्फिन बचत तथा ऋण सहकारी लिमिटेड**
**ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान**

दोस्रो बार्षिक साधारण सभा समक्ष लेखा समितिको संयोजक तर्फबाट

श्री बाल मुकुन्द विष्टद्धारा प्रस्तुत आ. व. २०६७/०६८ को लेखा समितिको प्रतिवेदन

आदरणीय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, बिशेष अतिथि, सल्लाहकार समितिका सदस्य ज्यूहरु, सञ्चालक समितिका पदाधिकारी ज्यूहरु, लेखा समितिका साथीहरु, शेयर सदस्य महानुभावहरु, आगन्तुक महानुभावहरु र संस्थामा कार्यरत कर्मचारीहरु लगायत उपस्थित सबैमा लेखा समितिको तर्फबाट तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ।

संस्था सञ्चालनको छोटो समयमा संस्थाले गरेको प्रगतिको सराहाना गर्दछु । गत बर्षको साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुले दिएको जिम्मेवारीलाई हृदय देखि नै मनन गरी संस्थाको आर्थिक गतिविधि नियाल्ने मौका प्राप्त भए बमोजिम संस्थाको लेखा समितिको तर्फबाट प्रतिवेदन पेश गेरेका छौं ।

सहकारीको माध्यमबाट सानो-सानो पुँजीलाई संकलन गरी बित्तिय क्षेत्रमा देखिएको अभावलाई पूर्ति गर्न स्थापित यस डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा समितिको तर्फबाट संस्थामा आर्थिक अनुशासन कायम गर्न, सञ्चालक समितिलाई दिनु पर्ने सल्लाह, सुझाव दिने र ब्यवस्थापनको काम माथिको निगरानी र गठित अन्य समिति तथा उपसमितिहरुको निर्णय पुस्तिकामा उल्लेख भए गरेका कामकारवाहीहरु यस समितिको कार्यगत बिषय रहन गएको यहाँहरु समक्ष निवेदन गर्दछु ।

संस्थाको आन्तरिक लेखापरीक्षण गरी स्पष्ट ढंगबाट प्रतिवेदन दिएर बाह्य लेखापरीक्षणलाई सहयोग गर्नु पनि लेखा समितिको काम कर्तव्य भएका कारण सोही काममा यस समितिले ध्यान दिएको कुरा पनि यस सम्मानित सभामा जानकारी गराउँदछु ।

संस्थामा लेखा समितिको तर्फबाट अनौपचारिक रुपमा पनि बिभिन्न बैठकहरुमा सहभागी भई आवश्यक सुझावहरु प्रदान गरेको जानकारीका लागि अनुरोध गर्दछु ।

यस आ. ब. २०६७/०६८ मा औपचारिक रुपमा सञ्चालक समितिका तर्फबाट १५ वटा र लेखा समितिका तर्फबाट ३ वटा बैठकहरु बसेका थिए । अनौपचारिक रुपमा पनि आवश्यकता अनुसार बैठक बस्ने गरेको पाईन्छ । यस अवधिमा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, ब्यवस्थापन पक्षबाट आर्थिक नियम तथा मापदण्ड विपरितका कामहरु गरेको पाईएन ।

संस्थाको लेखा कम्प्युटराईज्ड रुपमा रखिएको छ । जसका कारण आवश्यकता बमोजिमको विवरण प्राप्त भई सबैलाई सजिलो महशुश भएको छ ।

संस्थाको कर्जा उप-समितिको निर्णयलाई सञ्चालक समितिको बैठकबाट अनुमोदन गर्ने गरेको देखिन्छ ।

संस्थाको वेव साईट चालू छ । जसका कारण  आवश्यक सूचनाहरु वेव साईटबाट पनि प्राप्त गर्न सकिने छ । कार्यरत कर्मचारीहरुको क्षमता बृद्धिका लागि आबश्यक ठानिएका कर्मचारीहरुलाई तालिम दिने परिपाटी को बिकास भएको छ ।

संस्थाको आर्थिक स्थितिमा बिगत बर्ष कारोबारमा बृद्धि तथा मुनफामा बृद्धि भई संचालक समिति समक्ष पेश गरेको अनुमानित लक्ष्य पूर्तिको नजिक पुगेकोमा व्यबस्थापन पक्षलाई धन्यबाद नदिई रहन सकिदैन । संस्थामा संलग्न सबैलाई सहयोगीको रुपमा प्रस्तुत भई, फलेको बृक्षको हाँगो नझुकेको कहाँ छ र ? भन्ने मूल मान्यतालाई अँगिकार गर्दै अझ आफूमा सरल र मित्रवत व्यवहार प्रस्तुत गरी सबै शेयरधनीहरु सामू अझ बिश्वास जित्न अनुरोध गर्दछु ।

अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग गर्ने यस समितिका मेरा समकक्षी साथीहरु श्री श्याम प्रसाद शर्मा र श्री मदन प्रसाद ज्ञवालीलाई हार्दिक कृतज्ञता व्यक्त गदछु । साथै विजया दशमी तथा सुभ दिपावली को पावन अवसरमा यहाँहरुको अझ सुख, शान्ति, प्रगति र एकताको कामना गर्दछु ।

धन्यवाद, हामीहरु सबै हजुरहरुको सेवामा समर्पित छौं ।

**आर. यस. ठाकुर एण्ड कम्पनी**
**दर्तावाल लेखापरीक्षक**
**ललितपुर-१०,कुपण्डोल, कुमारी मन्दिर**
**काठमाडौं, नेपाल**

*प्र. प. नं. -३०९६ (ख)*
*आईक्यान सदस्य नं.-३८२१*
*प्यान नं.- ५००२१५७७१*
*मोवाईल नं. ९८४१२१२९८३*

**डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको**
आ व २०६७/०६८ को लेखापरीक्षकको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. हामीले डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०६८ आषाढ मसान्तको वासलात , सो मितिमा समाप्त भएको आ.व. २०६७/६८ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरुप्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. नेपाल लेखापरीक्षणमान र डिभिजन सहकारी कार्यालयले जारी गरेको निर्देशनहरुको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभूत रुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तिय विवरण उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरु पुष्ट्याइँ गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त व्यवस्थालनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तिय विवरणहरुको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन प्रस्तुत गरो छौं :

क) लेखापरीक्षणको काममा आवश्यक ठानेका सूचनाहरु एवं सोधनी भएका कुराहरुको जवाफ पायौं ।

ख) हाम्रो रायमा प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबहरुसँग दुरुस्त छन् र तिनीहरु प्रचलित कानुन तथा प्रचलन अनुसार तयार भएका छन् ।

घ) हाम्रो रायमा हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र संस्थाको हिसाव किताबको लेखापरीक्षणको सिलसिलामा संचालक समिति वा कुनै कर्मचारीले जानाजानी लेखा सम्बन्धी कानूनी व्यवस्था बिरुद्ध कामकाज गरेको वा संस्थालाई हानी नोक्सानी गरेको वा संस्थाको कोषको हिनामिना गरेको वा डिभिजन सहकारी कार्यालयले जारी गरेको निर्देशन उल्ल्घंन गरेको तथा यसको निक्षेपकर्ताहरुको हित वा सुरक्षा बिरुद्ध काम गरेको हाम्रो जानकारीमा आएको छैन ।

ङ) हाम्रो रायमा संस्थाले पूँजी कोष तथा नोक्सानी व्यवस्था पर्याप्त मात्रामा राखेको छ । संस्थाको हिसाब किताबको परीक्षणबाट संस्थाको कारोवार आफ्नो अधिकार भित्र रहेको पायौं ।

४. हाम्रो रायमा तथा हामीले पाएसम्मको सूचना एवं स्पष्टीकरणको आधारमा संलग्न वित्तिय विवरण र सो मा उल्लेख गरिएका टिप्पणीहरुका साथ अध्ययन गर्दा,

क) वासलातले संस्थाको आषाढ ३२, २०६८ (१६ जुलाई २०११) का आर्थिक अवस्था तथा,

ख) नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणले संस्थाको उक्त मितिमा समाप्त वर्षको नाफा तथा नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

राधेश्याम ठाकुर
दर्तावाल लेखापरीक्षक (रजिष्ट्रार अडिटर)
आर. यस. ठाकुर एण्ड कम्पनी
मिति : २०६८/०५/१५

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

**कानदेवतास्थान कुपण्डोल, ललितपुर**

**०२०६८ असार मसान्तको वासालात**

| विवरण | अनुसुची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| **पूँजी तथा दायित्व** | | | |
| चुक्ता पूँजी | १ | १,६८,७४,०००.०० | १,३२,५३,०००.०० |
| कोषहरु :- | | | |
| क)जगेडा कोष | | ३,३८,३०४.२२ | ३,००८.४९ |
| ख)अन्य कोष | २ | १०,१४,९१२.६८ | ९,०२५.४५ |
| ऋण तथा सापटी | | | |
| बचत | ३ | ४,९३,२७,२५३.२५ | ३५,९७,८५०.२२ |
| चालु दायित्व तथा व्यवस्था | ४ | २१,१३,४९३.९८ | १,८२,३६३.२८ |
| व्याज(सस्पेन्स खाता) | | १,३६,०६५.३५ | ३,११,८०१.५२ |
| **जम्मा :-** | | **६,९८,०४,०२९.४८** | **१,७३,५७,०४८.९६** |
| **सम्पत्ती** | | | |
| नगद मौज्दात | | ६,६९,६१२.४९ | ७१,५९८.७१ |
| बैंक मौज्दात | ५ | ३,२६,३२,६०८.८३ | २६,५०,०२२.७७ |
| कर्जा तथा सापट | ६ | ३,४४,६३,५७३.९५ | १,३०,२२,९३७.४७ |
| स्थिर सम्पत्ति | ७ | १२,१०,९७३.४१ | १२,५३,११७.८६ |
| अन्य सम्पत्ति | ८ | ७,५१,१६८.७६ | २,६४,२५७.१५ |
| अपलेखन गर्न बाँकी खर्च | | ७६,०९२.०५ | ९५,११५.०० |
| **जम्मा :-** | | **६,९८,०४,०२९.४८** | **१,७३,५७,०४८.९६** |

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

मत्स्येन्द्र लाल कायस्थ
अध्यक्ष

लक्ष्मी नारायण अर्याल
उपाध्यक्ष

सुनिल मानन्धर
कोषाध्यक्ष

सुशिल अर्याल
सचिव

ओम प्रकाश अग्रवाल
सदस्य

सत्येन्द्र पुरुष ढकाल
सदस्य

रञ्जन कुमार थापा
सदस्य

नर कुमारी पुन
लेखापाल

लेखा समिति

बाल मुकुन्द विष्ट
संयोजक

श्याम प्रसाद शर्मा
सदस्य

मदन प्रसाद ज्ञवाली
सदस्य

राधेश्याम ठाकुर
दर्तावाल लेखापरिक्षक

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

**कानदेवतास्थान कुपण्डोल, ललितपुर**

**आयविवरण**

**०६७/०४ /०१ देखि २०६८ आषाढ ३२ सम्मको**

| विवरण | अनुसची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| क) कर्जा तथा सापटबाट प्राप्त ब्याज | | ४३,४१,२६७.९१ | ९३,४९७.११ |
| ख) बैंक ब्याज | | २०,०५,३०२.२९ | १,८०,५१५.०२ |
| ग) विविध आम्दानी | ९ | ८,०२,४३१.७६ | १,४९,३७३.०० |
| **कुल आम्दानी** | | **७१,४९,००१.९६** | **४,२३,३८५.१३** |

| खर्च | अनुसची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| क) बचतमा ब्याज खर्च | | १२,८६,०८६.८५ | ३६,९७४.०९ |
| ख) मुद्धतीमा ब्याज खर्च | | १९,९८,९८८.१० | ५,५६५.६१ |
| २. कर्मचारी खर्च | १० | ९,४७,२५७.०० | १,५०,३९१.०० |
| ३. कार्यालय खर्च | ११ | १२,४०,१९१.३० | २,१५,४१२.०० |
| **कुल खर्च :-** | | **५४,७२,५२३.२५** | **४,०८,३४२.७०** |

| | | | |
|---|---|---|---|
| **कर अघिको नाफा (नोक्सान)** | | **१६,७६,४७८.७१** | **१५,०४२.४३** |
| आयकर व्यवस्था यस आ. व. को | | ३,३५,२९५.७४ | ३,००८.४९ |
| **आयकर पछिको खुद नाफा/(नोक्सान)बाँडफाँड** | | **१३,४१,१८२.९७** | **१२,०३३.९४** |
| क) जगेडा कोष (सदस्यता प्रवेश शुल्क) | | ३,३५,२९५.७४ | ३,००८.४९ |
| ख) कर्मचारी बोनस कोष | | ६७,०५९.१५ | १,२०३.३९ |
| ग) शेयर लाभांश कोष | | ९१८७१०.३२ | ३,००८.४९ |
| घ) डुबन्त ऋण कोष | | ६७०५९२ | १,८०५.०९ |
| ङ) सहकारी बिकास कोष | | ६,७०५.९२ | १,८०५.०९ |
| च) सहकारी शिक्षा कोष | | ६,७०५.९२ | १,२०३.३९ |
| **वासलातमा सारेको मुनाफा** | | **१३,४१,१८२.९७** | **१२,०३३.९४** |

हाम्रो यसै मितिको संलग्न प्रतिवेदन बमोजिम

| | | | |
|---|---|---|---|
| मत्स्येन्द्र लाल कायस्थ<br>अध्यक्ष | लक्ष्मी नारायण अर्याल<br>उपाध्यक्ष | सुनिल मानन्धर<br>कोषाध्यक्ष | सुशिल अर्याल<br>सचिव |
| ओम प्रकाश अग्रवाल<br>सदस्य | सत्येन्द्र पुरुष ढकाल<br>सदस्य | रञ्जन कुमार थापा<br>सदस्य | नर कुमारी पुन<br>लेखापाल |

लेखा समिति

| | | |
|---|---|---|
| बाल मुकुन्द विष्ट<br>संयोजक | श्याम प्रसाद शर्मा<br>सदस्य | मदन प्रसाद ज्ञवाली<br>सदस्य |

राधेश्याम ठाकुर
दर्तावाल लेखापरिक्षक

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

## कानदेवतास्थान, कुपण्डोल, ललितपुर

### २०६८ आषाढ ३२ को आर्थिक विवरण सँग सम्बन्धित अनुसुचीहरु

**पूंजी** **अनुसुची १**

| क.सं | | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | संचालक शेयर होल्डर | १,६८,७४,०००.०० | १,३२,५३,०००.०० |
| २ | अन्य शेयर होल्डर | ०.०० | ०.०० |
| | **जम्मा :-** | | **१,३२,५३,०००.००** |

**अन्य कोष** **अनुसुची २**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | कर्मचारी बोनस कोष | ६८,२६२.५४ | १,२०३.३९ |
| २ | शेयर लाभांश कोष | ९२१७१८.८१ | ३,००८.४९ |
| ३ | डुबन्त ऋण कोष | ८५११.०१ | १,८०५.०९ |
| ४ | सहकारी बिकास कोष | ८,५११.०१ | १,८०५.०९ |
| ५ | सहकारी शिक्षा कोष | ७,९०९.३२ | १,२०३.३९ |
| | **जम्मा :-** | **१०,१४,९१२.६९** | **९,०२५.४५** |

**निक्षेप** **अनुसुची ३**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १. | मुद्धति बचत (६ महिना) | १,५०,०००.०० | ०.०० |
| १ | मुद्धति बचत (१२ महिना) | १,८९,८५,७०३.४६ | ४,३०,०००.०० |
| २ | मुद्धति बचत (२४ महिना) | ५०,९१,१७६.९८ | १,१६,०००.०० |
| ३ | दैनिक बचत | २०,५३,७०२.५३ | २,५७,३१०.७९ |
| ४ | बचत हिसाब | १२,२७,९४६.४७ | १,९५,२२१.७३ |
| ५ | बाल बचत (६ महिने) | ०.०० | ११,६००.०० |
| ६ | डल्फिन विशेष बचत | १,०८,२१,७४६.७९ | २४,३७,०१३.६७ |
| ७ | माइक्रो बचत | १,७१,५५७.९५ | १२,६४८.७६ |
| ८ | महिला बचत | ६३,७५,६४०.६९ | ६७,५३७.९९ |
| ९ | युवा बचत | ८९,९४१.६२ | १८,४४१.६१ |
| १० | कर्मचारी बचत | ३७,७८५.०० | २८,८०५.७६ |
| ११. | डल्फीन कारोवार बचत | ४०,६०,९८७.१० | |
| १२. | बाल भबिष्य बचत (१२ महिने) | १,०४,२५०.८७ | |
| १३. | आवधिक बचत | ५,५५६.५५ | |
| १४. | कर्मचारी संचय कोष बचत | १,५१,२५७.२४ | २३,२६९.९१ |
| | **जम्मा :-** | **४,९३,२७,२५३.२५** | **३,५९,७८५०.२२** |

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

## कानदेवतास्थान, कुपण्डोल, ललितपुर

### २०६८ आषाढ ३२ को आर्थिक विवरण सँग सम्बन्धित अनुसुचीहरु

**चालु दायित्व** **अनुसुची ४**

| क्र.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | अग्रिम कर कट्टी अन्य | ५,६४२.८१ | २,८४६.१२ |
| २ | अग्रिम कर कट्टी ब्याज | २८,२५७.९५ | १,८४४.७७ |
| ३ | घरबहाल कर | ५,१११.१० | १,३३३.३३ |
| ४ | निक्षेपमा दिनुपर्ने ब्याज | १७,१९,१७७.८९ | ५,६४४.५७ |
| ५ | भुक्तानी दिन बाँकी लेखापरिक्षण शुल्क | १७,०००.०० | ८,५००.०० |
| ६ | भुक्तानी दिन बाँकी खर्चहरु (नेपाहिमा ट्रेड लिंक) | | १,५९,१८६.०० |
| ७. | आयकर व्यवस्था | ३,३८,३०४.२३ | ३,००८.४९ |
| | **जम्मा :-** | **२१,१३,४९३.९८** | **१,८२,३६३.२८** |

**बैंक मौज्दात** **अनुसुची ५**

| क्र.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | ग्लोबल बैंङ्क लि. | ६०,६५,६१७.३२ | २६,५०,०२२.७७ |
| २ | प्रिमियर फाइनान्स कं. लि. | ५०,७४,६५९.२६ | |
| ३ | इन्टरनेश्नल डेभलपमेण्ट बैंक लि. | ४८,२८,४७४.७४ | |
| ४ | बैंक अफ काठमाण्डौ लि. | १,०००.०० | |
| ५ | डिसिबिएल बैंक लि. | ४५,९९,१४५.१२ | |
| ६ | क्लिन इन्र्जी डेभलपमेण्ट लि. | ५०,००,०००.०० | |
| ७ | मेगा बैंक लि. | ३५,२९,३७४.९७ | |
| ८ | सेन्चुरी कमर्सियल बैंक लि. | ३५,३४,३३७.४२ | |
| | **जम्मा :-** | **३,२६,३२,६०८.८३** | **२६,५०,०२२.७७** |

**कर्जा तथा सापट** **अनुसुची ६**

| क्र.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | व्यवसायिक कर्जा | ३,१९,०८,०७४.८१ | १,१४,२६,९८८.७७ |
| २ | हाउसहोल्ड सामान कर्जा | १०,७०९.६४ | १३,२३,९६२.४० |
| ३ | ओ.डि. कर्जा | ९,५५,१४६.२५ | २,७१,९८६.३० |
| ४ | विविध कर्जा | ११,८९,६४४.९७ | |
| ५ | मुद्दती निक्षेप वापत कर्जा | ३,९९,९९८.२८ | |
| | **जम्मा :-** | **३,४४,६३,५७३.९५** | **१,३०,२२,९३७.४७** |

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

कानदेवतास्थान कुपण्डोल, ललितपुर

## ०२०६८ आषाढ मसान्तमा समाप्त बर्षको

## स्थिर सम्पत्ति तथा ह्रास खर्च विवरण

अनुसुची –७

| विवरण | | परल मूल्य | | | ह्रास | | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्ष सम्म रु. | यस बर्ष खरिद | जम्मा (रु.) | % | गत बर्षसम्मको | यस बर्षको | जम्मा | गत बर्षको | यस बर्षको |
| **समूह "ख"** | **७,७५,३०९.७६** | **०.००** | **७,७५,३०९.७६** | **१० %** | **०.००** | **७७,५३०.९८** | **७७,५३०.९७** | **७,७५,३०९.७६** | **६,९७,७७८.७८** |
| **फर्निचर र फिक्चर्स :-** | | | | | | | | | |
| कम्प्यूटर कुर्सी | ५६,५००.०० | ०.०० | ५६,५००.०० | १० % | ०.०० | ५,६५०.०० | ५,६५०.०० | ५६,५००.०० | ५०,८५०.०० |
| प्रबन्धक कुर्सी | ११,०७४.०० | ०.०० | ११,०७४.०० | १० % | ०.०० | १,१०७.४० | १,१०७.४० | ११,०७४.०० | ९,९६६.६० |
| मिटिङ्ग कुर्सी | ७२,३२०.०० | ०.०० | ७२,३२०.०० | १० % | ०.०० | ७,२३२.०० | ७,२३२.०० | ७२,३२०.०० | ६५,०८८.०० |
| टेलर | ७४,६४७.८० | ०.०० | ७४,६४७.८० | १० % | ०.०० | ७,४६४.७८ | ७,४६४.७८ | ७४,६४७.८० | ६७,१८३.०२ |
| रिसेप्सन | ७७,८२५.९३ | ०.०० | ७७,८२५.९३ | १० % | ०.०० | ७,७८२.५९ | ७,७८२.५९ | ७७,८२५.९३ | ७०,०४३.३४ |
| CEO को कोठा | ५३,०३६.५५ | ०.०० | ५३,०३६.५५ | १० % | ०.०० | ५,३०३.६६ | ५,३०३.६६ | ५३,०३६.५५ | ४७,७३२.९० |
| एजेण्ट कोठा | ३०,१०३.२० | ०.०० | ३०,१०३.२० | १० % | ०.०० | ३,०१०.३२ | ३,०१०.३२ | ३०,१०३.२० | ०२७,०९२.८८ |
| साधारण कर्मचारी | ८२,५८०.४० | ०.०० | ८२,५८०.४० | १० % | ०.०० | ८,२५८.०४ | ८,२५८.०४ | ८२,५८०.४० | ७४,३२२.३६ |
| मिटिङ्ग कोठा | ४५,९६८.४० | ०.०० | ४५,९६८.४० | १० % | ०.०० | ४,५९६.८४ | ४,५९६.८४ | ४५,९६८.४० | ४१,३७१.५६ |
| पार्टिसन | ०२,५२,७५३.४८ | ०.०० | ०२,५२,७५३.४८ | १० % | ०.०० | ०२५,२७५.३० | ०२५,२७५.३० | ०२,५२,७५३.४८ | ०२,२७,४७८.१३ |
| स्टिल सोफा | ११,०००.०० | ०.०० | ११,०००.०० | १० % | ०.०० | १,१००.०० | १,१००.०० | ११,०००.०० | ९,९००.०० |
| बार टुल हाईड्रोलिक | ५,७००.०० | ०.०० | ५,७००.०० | १० % | ०.०० | ५७०.०० | ५७०.०० | ५,७००.०० | ५,१३०.०० |
| फोल्डिङ्ग कुर्सि | १,८००.०० | ०.०० | १,८००.०० | १० % | ०.०० | १८०.०० | १८०.०० | १,८००.०० | १,६२०.०० |
| | **१,९३,८४५.८५** | **०.००** | **१,९३,८४५.८५** | **१० %** | **०.००** | **१९,३८४.५९** | **१९,३८४.५९** | **१,९३,८४५.८५** | **१,७४,४६१.२७** |
| **उपकरण** | | | | | | | | | |
| कम्प्यूटर | ४८,८४४.२५ | ०.०० | ४८,८४४.२५ | १० % | ०.०० | ४,८८४.४३ | ४,८८४.४३ | ४८,८४४.२५ | ४३,९५९.८३ |
| कुलिङ्ग | २,३९५.६० | ०.०० | २,३९५.६० | १० % | ०.०० | ०२३९.५६ | ०२३९.५६ | २,३९५.६० | ०२,१५६.०४ |
| HDD | १५,८२०.०० | ०.०० | १५,८२०.०० | १० % | ०.०० | १,५८२.०० | १,५८२.०० | १५,८२०.०० | १४,२३८.०० |
| ATX Casing | ६२१५.०० | ०.०० | ६२१५.०० | १० % | ०.०० | ६२१.५० | ६२१.५० | ६२१५.०० | ५,५९३.५० |
| मदर बोर्ड | १४,६९०.०० | ०.०० | १४,६९०.०० | १० % | ०.०० | १,४६९.०० | १,४६९.०० | १४,६९०.०० | १३,२२१.०० |
| प्रिन्टर LBP3050 | १,७४०२.०० | ०.०० | १,७४०२.०० | १० % | ०.०० | १,७४०.२० | १,७४०.२० | १,७४०२.०० | १५,६६१.८० |
| DVD RW ड्राईभ | ९,६०५.०० | ०.०० | ९,६०५.०० | १० % | ०.०० | ९६०.५० | ९६०.५० | ९,६०५.०० | ८,६४४.५० |
| राउटर | १६,९५०.०० | ०.०० | १६,९५०.०० | १० % | ०.०० | १,६९५.०० | १,६९५.०० | १६,९५०.०० | १५,२५५.०० |
| राउटर वायरलेस | ३३,९००.०० | ०.०० | ३३,९००.०० | १० % | ०.०० | ३,३९०.०० | ३,३९०.०० | ३३,९००.०० | ३०,५१०.०० |
| स्विचर | ६,७८०.०० | ०.०० | ६,७८०.०० | १० % | ०.०० | ६७८.०० | ६७८.०० | ६,७८०.०० | ६,१०२.०० |
| UPS | १८,०८०.०० | ०.०० | १८,०८०.०० | १० % | ०.०० | १,८०८.०० | १,८०८.०० | १८,०८०.०० | १६,२७२.०० |
| UTP केवल | ३,१६४.०० | ०.०० | ३,१६४.०० | १० % | ०.०० | ३१६.४० | ३१६.४० | ३,१६४.०० | ०२,८४७.६० |
| **समूह "घ"** | **०२,८३,९६२.२५** | **०.००** | **३,८०,६०२.२५** | **१० %** | **०.००** | **४१,८६८.९०** | **४१,८६८.८९** | **०२,८३,९६२.६७** | **३,३८,७३३.३६** |
| CCTV | १,३५,८७७.०० | ०.०० | १,३५,८७७.०० | १० % | ०.०० | १३,५८७.७० | १३,५८७.७० | १,३५,८७७.०० | १,२२,२८९.३० |
| विद्युतिय सामाग्रि | २,२४२.०० | ३,२५०.०० | ५,४९२.०० | १० % | ०.०० | ०२२४.२० | ५४९.२० | २,२४२.०० | ४,९४२.८० |
| भोल्ट | ५१,४२०.०१ | ०.०० | ५१,४२०.०१ | १० % | ०.०० | ५,१४२.०० | ५,१४२.०० | ५१,४२०.०१ | ४६,२७८.०१ |
| कर्टेन | ०२४,४२३.२४ | ०.०० | ०२४,४२३.२४ | १० % | ०.०० | ०२,४४२.३२ | ०२,४४२.३२ | २४,४२३.२४ | ०२१,९८०.९२ |
| सफ्वेयर | ७०,०००.०० | ०.०० | ७०,०००.०० | १० % | ०.०० | ७,०००.०० | ७,०००.०० | ७०,०००.०० | ६३,०००.०० |
| मोटर साइकल | ०.०० | ७६,१७५.०० | ७६,१७५.०० | १५ % | ०.०० | ११,४२६.२५ | ११,४२६.२५ | ०.०० | ६४,७४८.७५ |
| पार्किङ्ग स्ट्याण्ड | ०.०० | ३,२००.०० | ३,२००.०० | १० % | ०.०० | ३२०.०० | ३२०.०० | ०.०० | ०२,८८०.०० |
| मेटल डिटेक्टर | ०.०० | ६,२१५.०० | ६,२१५.०० | १० % | ०.०० | ६२१.५० | ६२१.४२ | ०.०० | ५,५९३.५८ |
| वाल घडी | ०.०० | १,२००.०० | १,२००.०० | १० % | ०.०० | १२०.०० | १२०.०० | ०.०० | १,०८०.०० |
| बिफ्रकेश | ०.०० | १,६००.०० | १,६००.०० | १० % | ०.०० | १६०.०० | १६०.०० | ०.०० | १,४४०.०० |
| बोर्ड | ०.०० | ५,०००.०० | ५,०००.०० | १५ % | ०.०० | ५००.०० | ५००.०० | ०.०० | ४,५००.०० |
| **जम्मा :-** | **१२,५३,११७.८६** | **९६,६४०.००** | **१३,४९,७५७.८६** | | **०.००** | **१,३८,७८४.४५** | **१,३८,७८४.४५** | **१२,५३,११७.८६** | **१२,१०,९७३.४१** |

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

## कानदेवतास्थान, कुपण्डोल, ललितपुर

### २०६८ आषाढ ३२ को आर्थिक विवरण सँग सम्बन्धित अनुसुचीहरु

**अन्य सम्पत्ति** **अनुसुची ८**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | असुल उपर गर्न बाँकी ब्याज | १,३६,०६५.३५ | ७०,८१५.५७ |
| २ | किस्ता बन्दी ल्यापटप | ७४,३३३.४५ | ०.०० |
| ३ | पेश्की | ८३,२६७.५० | ३६,००८.३३ |
| ४ | अग्रिम आयकर (श्रोतमा कर कट्टी) | ३,३१,५२३.४६ | २७,०७७.२५ |
| ५ | सि.फ.एल.(बल्ब) | ३,२५०.०० | ०.०० |
| ६ | मसलन्द मौज्दात | १,२२,७२९.०० | १,३०,३५६.०० |
| | **जम्मा :-** | **७,५१,१६८.७६** | **२,६४,२५७.१५** |

**विविध अम्दानी** **अनुसुची ९**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | सेवा शुल्क | ७२१,७६९.२० | १,४५,१७३.०० |
| २ | सदस्यता प्रवेश शुल्क | ४८,८१५.०० | ४,२००.०० |
| ३ | रेमिटेन्स कमिसन | ३१,८४७.५६ | |
| | **जम्मा :-** | **८,०२,४३१.७६** | **१,४९,३७३.००** |

**कर्मचारी खर्च** **अनुसुची १०**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | तलब भत्ता, तथा कार्यालय पोसाक | ९,४७,२५७.०० | १,५०,३९१.०० |
| | **जम्मा :-** | **९,४७,२५७.००** | **१,५०,३९१.००** |

**अन्य सम्पत्ति** **अनुसुची ८**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | असुल उपर गर्न बाँकी ब्याज | १,३६,०६५.३५ | ७०,८१५.५७ |
| २ | किस्ता बन्दी ल्यापटप | ७४,३३३.४५ | ०.०० |
| ३ | पेश्की | ८३,२६७.५० | ३६,००८.३३ |
| ४ | अग्रिम आयकर (श्रोतमा कर कट्टी) | ३,३१,५२३.४६ | २७,०७७.२५ |
| ५ | सि.फ.एल.(बल्ब) | ३,२५०.०० | ०.०० |
| ६ | मसलन्द मौज्दात | १,२२,७२९.०० | १,३०,३५६.०० |
| | **जम्मा :-** | **७,५१,१६८.७६** | **२,६४,२५७.१५** |

**विविध अम्दानी** **अनुसुची ९**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | सेवा शुल्क | ७२१,७६९.२० | १,४५,१७३.०० |
| २ | सदस्यता प्रवेश शुल्क | ४८,८१५.०० | ४,२००.०० |
| ३ | रेमिटेन्स कमिसन | ३१,८४७.५६ | |
| | **जम्मा :-** | **८,०२,४३१.७६** | **१,४९,३७३.००** |

**कर्मचारी खर्च** **अनुसुची १०**

| क.स. | विवरण | यस वर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | तलब भत्ता, तथा कार्यालय पोसाक | ९,४७,२५७.०० | १,५०,३९१.०० |
| | **जम्मा :-** | **९,४७,२५७.००** | **१,५०,३९१.००** |

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

## कानदेवतास्थान, कुपण्डोल, ललितपुर

### २०६८ आषाढ ३२ को आर्थिक विवरण सँग सम्बन्धित अनुसुचीहरु

**कार्यालय खर्च** **अनुसुचि ११**

| क्र. स. | विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| १ | घर भाडा | ५,३९,९९९.९६ | १,३३,३३३.३३ |
| २ | बत्ती विजुली | २८,२१२.८२ | ३,६०७.०० |
| ३ | मर्मत तथा संभार | ३४,७६०.०० | १२,८७४.०० |
| ४ | टेलीफोन | २५,६८२.८३ | ३,२०१.६७ |
| ५ | लेखा परिक्षण शुल्क | २०,०००.०० | १०,०००.०० |
| ६ | साधारण सभा खर्च | १६,६८२.०० | २,४९५.०० |
| ७ | विविध खर्च | १०,९२५.०० | २२,६९४.०० |
| ८ | अतिथि सत्कार खर्च | २२,३४४.३१ | १६८८.०० |
| ९ | पत्रपत्रिका तथा पुस्तक खर्च | २,३६०.०० | ४८०.०० |
| १० | सञ्चालक समिति खर्च | ०.०० | ३,६००.०० |
| ११ | विज्ञापन तथा प्रवर्द्धन खर्च | १०,२६०.०० | २१,४३९.०० |
| १२. | संचालक समिति बैठक भत्ता | ७८,५००.०० | ०.०० |
| १३. | फाइनान्स कमिटी बैठक भत्ता | ४,०००.०० | ०.०० |
| १४. | प्रिन्टिङ्ग तथा स्टेशनरी खर्च | ९०,११६.०० | ०.०० |
| १५. | वेव डिजाइन खर्च | ३,८३३.३२ | ०.०० |
| १६. | इ-मेल तथा इन्टरनेट खर्च | १८,२६८.३३ | ०.०० |
| १७. | जेनेरेटर प्रयोग खर्च | ७०,३०८.०० | ०.०० |
| १८. | इलेक्ट्रीक सामान खर्च | ८५७.०० | ०.०० |
| १९. | ह्रासकट्टी खर्च | १,३८,७८४.४५ | ०.०० |
| ०२०. | दर्ता तथा प्रारम्भिक खर्च(अवलेखन) | १९,०२२.९५ | ०.०० |
| ०२१. | चन्दा खर्च | ६००.०० | ०.०० |
| ०२२. | लकर खर्च | १,२४९.९८ | ०.०० |
| ०२३. | कानून परामर्श खर्च | ३०,०००.०० | ०.०० |
| ०२४ | इन्धन खर्च | ११,११२.७० | ०.०० |
| ०२५ | पूजा खर्च | ४,६५०.०० | ०.०० |
| ०२६ | सफाई खर्च | ३,५१९.०० | ०.०० |
| ०२७ | बिमा खर्च | १,१३५.६५ | ०.०० |
| ०२८ | क्यालेण्डर छपाई खर्च | २८,०००.०० | ०.०० |
| ०२९ | अन्य अफिस खर्च | २५,००७.०० | ०.०० |
| | **जम्मा:** | **१२,४०,१९१.३०** | **२,१५,४१२.००** |

# डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

कानदेवतास्थान कुपण्डोल, ललितपुर

## ०२०६८ आषाढ मसान्तमा समाप्त बर्षको

## नगद प्रवाह विवरण

| गत बर्ष (रु.) | विवरण | यस बर्ष (रु.) |
|---|---|---|
| | क) **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| १५,०४२.४३ | आयकर व्यवस्था अगाडीको नाफा | १६,७६,४७८.७१ |
| | **जोड्ने** | |
| ०.०० | १.स्थिर सम्पत्ति बिक्रीमा नोक्सान | ०.०० |
| ०.०० | २. ह्रास कट्टी | १,३८,७८४.४५ |
| ०.०० | ३.पुर्व सञ्चालन खर्च अवलेखन | १९०२२.९५ |
| | **कार्यशील पुँजीमा भएको परिवर्तन** | |
| ३५,९७,८५०.२२ | १.निक्षेपमा हिसाबमा बृद्धि/(कमी) | ४,५७,२९,४०३.०३ |
| १,७९,३५४.७९ | २.अन्य दायित्वमा बृद्धि/(कमी) | १५,९५,८३४.९६ |
| (१,३०,२२,९३७.४७) | ३.कर्जा सापटीमा बृद्धि/(कमी) | –२,१४,४०,६३६.४८ |
| (२,६४,२५७.१५) | ४.अन्य सम्पतीमा बृद्धि/(कमी) | -४,८६,९११.६१ |
| **(९४,९४,९४७.१८)** | **आयकर भुक्तानी अगाडी सञ्चालनबाट नगद प्रवाह** | **२,७२,३१,९७६.०१** |
| | **घटाउने** | |
| ०.०० | आयकर भुक्तानी | |
| **(९४,९४,९४७.१८)** | **कुल सञ्चानल गतिविधिबाट नगद प्रवाह** | **२७,२३१,९७६.०१** |
| | **ख) लगानी गतिविधिको नगद प्रवाह** | |
| (१२,५३,११७.८६) | १.स्थिर सम्पत्ति (खरिद) | –९६,६४०.०० |
| ०.०० | ०२.स्थिर सम्पत्ति (विकि) | |
| (९५,११५.००) | ३.पूर्व सञ्चालन खर्च | |
| ०.०० | ४.लगानीमा कमी/(बृद्धि) | |

| | | |
|---|---|---|
| **(१३,४८,२३२.८६)** | **कुल लगानी गतिविधिबाट नगद प्रवाह** | **-९६,६४०.००** |
| | **ग) वित्तिय गतिविधिको नगद प्रवाह** | |
| १,३२,५३,०००.०० | १.चुक्ता शेयर पुँजीमा भएको बृद्धि(बोनस शेयर बाहेक) | ३६,२१,०००.०० |
| ०.०० | २.लाभाशं भुक्तानी | ०.०० |
| ०.०० | ३.सापटी बृद्धि | ०.०० |
| **१,३२,५३,०००.००** | **कुल वित्तिय गतिविधिबाट नगद प्रवाह** | |
| ३,११,८०१.५२ | **घ)ब्याज(सस्पेन्स खाता)** | -१,७५,७३६.१७ |
| **२७,२१६२१.४८** | **कुल गतिविधिबाट नगद प्रवाह (क + ख + ग ंघ)** | **३,०५,८०,४९९.८४** |
| ३,११,८०१.५२ | ब्याज(कन्ट्रा) | |
| | गत बर्षको बैंक तथा नगद मौज्दात | **२७,२१,६२१.४८** |
| **२७,२१,६२१.४८** | **कुल बैंक तथा नगद मौज्दात** | **३,३३,०२,२२१.३२** |

हाम्रो यसै मितिको संलग्न प्रतिबेदन बमोजिम

| | | | |
|---|---|---|---|
| मत्स्येन्द्र लाल कायस्थ<br>अध्यक्ष | लक्ष्मी नारायण अर्याल<br>उपाध्यक्ष | सुनिल मानन्धर<br>कोषाध्यक्ष | सुशिल अर्याल<br>सचिव |
| सुनिल मानन्धर<br>कोषाध्यक्ष | ओम प्रकाश अग्रवाल<br>सदस्य | सत्येन्द्र पुरुष ढकाल<br>सदस्य | रञ्जन कुमार थापा<br>सदस्य |

लेखा समिति

| | | |
|---|---|---|
| बाल मुकुन्द विष्ट<br>संयोजक | श्याम प्रसाद शर्मा<br>सदस्य | मदन प्रसाद ज्ञवाली<br>सदस्य |

| | |
|---|---|
| नर कुमारी पुन<br>लेखापाल | राधेश्याम ठाकुर<br>दर्तावाल<br>लेखापरिक्षक |

## डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.

## ललितपूर-१०, कुपण्डोल, कानदेवतास्थान

## लेखानीति तथा तत्सम्बन्धी टिप्पणीहरु

**क. आधारभूत लेखानीतिहरु**

१. संस्थाले लेखा विवरणहरु विद्यमान सहकारी ऐन, विनिमयको आधारमा दोहोरो लेखा पद्धतिमा राखेको छ ।

२. संस्थाको वित्तिय विवरणहरुको प्रस्तुति नेपाल लेखामान तथा सान्दर्भिक प्रचलन बमोजिम तयार पारिएको छ ।

३. संस्थाको आर्थिक कारोबारहरुको लेखा सहकारी ऐन नियम, सहकारी विभागको निर्देशन, नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तको आधारमा राखिएको छ ।

४. संस्थाको आम्दानी तर्फ नगद प्रवाहका (Cash Basis) आधारमा हिसाब राख्ने गरिएको छ ।

५. खर्च तर्फ वास्तविक (Accural) आधारमा हिसाब राख्ने गरिएको छ ।

६. संस्थाको निक्षेप दायित्वमा तिर्नुपर्ने ब्याजलाई पाकेको आधारमा खर्च जनाई लेखांकन गरिएको छ ।

७. स्थिर सम्पत्तिहरुमा नेपाल लेखामान बमोजिम समदर प्रणालीमा ह्रास कट्टी गर्ने नीति रहेको छ ।

८. निक्षेपमा दिईने र कर्जामा लिईने ब्याज ३६५ दिनलाई १ बर्षको आधार मानी गणना गरिएको छ ।

९. कोष बाँडफाँड अन्तर्गत संस्थाको विनियम बमोजिम करकट्टीको पछिको नाफाको २५% जगेडा कोषमा राखी बाँकी रकमलाई शतप्रतिशत मानी अन्य कोषहरुमा विभाजन गरिएको छ ।

**ख. टिप्पणीहरु**

१. कर्जा सापटमा आर्थिक वर्ष भित्र जगद असुली भएका ब्याज रकम र सेवा शुल्कलाई आम्दानी जनाईएको छ ।

२. आर्थिक ऐन २०५८ अनुसार आयकरको व्यवस्था गरिएको छ ।

नोटः

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................